बैठक संख्या : ८६

आज मिति २०७८/०८/२२ गते................बजे कपिलवस्तु नगरपालिकाको नगर प्रमुख श्री किरण सिंह ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसि देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री किरण सिंह | नगर प्रमुख | |
| २ | श्री लक्ष्मी गुप्ता साव | नगर उपप्रमुख | |
| ३ | श्री सुदिप पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री रामभजन कलवार | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री राम दिनेश यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री धर्मात्मामणि त्रिपाठी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री शिव बहादुर वाग्ले | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री राम गोपाल यादव | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री ओम प्रकाश पाण्डेय | वडा अध्यक्ष वडा नं. १२ | |
| १५ | श्री कौशिल्या गुप्ता | कार्यपालिका सदस्य | |
| १६ | श्री सबिता धिमिरे | कार्यपालिका सदस्य | |
| १७ | श्री प्रेमा देवी कोरी | कार्यपालिका सदस्य | |
| १८ | श्री उर्मिला कोरी | कार्यपालिका सदस्य | |
| १९ | श्री पुष्पा थारु | कार्यपालिका सदस्य | |
| २० | श्री इन्सान अलि धुनिया | कार्यपालिका सदस्य | |
| २१ | श्री सिताराम धोवी | कार्यपालिका सदस्य | |
| २२ | श्री रामधनी बढई | कार्यपालिका सदस्य | |
| २३ | श्री शेषकान्त पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

| | | | |
|---|---|---|---|
| २४ | श्री सुरेन्द्र राज लम्साल | सामाजिक विकास सल्लाहकार | |
| २५ | श्री बलराल न्यौपाने | लेखा अधिकृत | |
| २६ | श्री राजेश कुमार शैनी | इन्जिनियर | |
| २७ | श्री शिवेन्द्र कुमार पासी | सूचना प्रविधि अधिकृत | |

मिति : २०७८।८।२२

**बैठकका प्रस्तावहरू :**

१. पूर्व कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. हुलाकी मार्ग निर्माणमा विस्थापित घरपरिवारको व्यवस्थापन सम्बन्धमा ।
३. नदी जन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन सम्बन्धमा ।
४. समसामायिक विविध ।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०६/१० गतेको कार्यपालिका बैठकबाट भएका निर्णयहरूको समिक्षा गरियो उक्त समिक्षा अनुसार कार्यपालिकाले गरेको सम्पूर्ण निर्णयहरू पूर्ण रूपमा कार्यन्वयन भएको सहर्ष जानकारी गराइन्छ ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा तौलिहवा बजारको जमुवार देखि हुलाकी सडकमा भवानी भिक्षु सम्म पर्ने सडकको दायाँ बायाँ १५/१५ मिटर भित्र अतिक्रमण गरी घर टहरा बनाएका मध्ये तपसिल वमोजिमका पूर्ण विस्थापितहरूलाई यस पूर्वको निर्णय समेतको आधारमा कपिलवस्तु नगरपालिका हालको वडा नं. ४ करबला स्थित कि.नं. ८१७ को ऐलानी जग्गा मध्ये प्रत्येकलाई ५ धुरका दरले जग्गा छुट्याइ सोही बमोजिमको नं. लगाउने तथा अस्थायी भोगाधिकारको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**तपसिल**

| | नाम थर | ठेगाना | टोकन नं. |
|---|---|---|---|
| १. | विजय कुमारी कसौधन | क.व.न.पा. १ | ६ नं. |
| २. | बद्री गुप्ता | क.व.न.पा. १ | १ नं. |
| ३. | फूलमति कसौधन | क.व.न.पा. ३ | २ नं. |
| ४. | राधिका रैदास | क.व.न.पा. १ | ५ नं. |
| ५. | कान्ति रैदास | क.व.न.पा. १ | ४ नं. |
| ६. | पिन्टु कसौधन | क.व.न.पा. १ | ९ नं. |
| ७. | सकुन्तला कहारिन | क.व.न.पा. १ | ७ नं. |
| ८. | सुनिल हरिजन समेत | क.व.न.पा. १ | ८ नं. |
| ९. | सोमइ पासी | क.व.न.पा. ४ | ३ नं. |
| १०. | प्रभावती मल्लाहिन | क.व.न.पा. ४ | १० नं. |

३. उपरोक्त अनुसारका विस्थापितहरूलाई घर निर्माण वापत देहाय बमोजिमको नगद अनुदान दिने निर्णय गरियो ।

क) प्रथम किस्ता रू. २०,०००/- (बीस हजार) घर निर्माण गर्न शुरू गरेको अवस्थामा ।

ख) दोस्रो किस्ता रू. २०,०००/- (बीस हजार) तथा शौचालय निर्माण वापत रू. २०,०००/- (बीस हजार) घर निर्माणकै क्रममा अनुगमन पश्चात ।

ग) तेस्रो तथा अन्तिम किस्ता रू. १०,०००/- (दश हजार) घर निर्माण सम्पन्न भए पश्चात ।

घ) प्रत्येक घरमा एक/एक वटा हैण्ड पम्प (सम्बन्धितले जडान गर्ने गरि) प्रदान गर्ने ।

निर्णय प्रमाणित

**समसामयिक विविध निर्णयहरू**

१. नगर कार्यपालिकाको कार्यालयले मिति २०७८/०८/०८ को निर्णयबाट बाणगंगा नदी अन्तर्गत कुइमा नाका, जर्लैया नाका, सगरहवा तथा तिलौरी नाका र रामघाट नाकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गर्नको लागि स्वीकृत गरेको निर्णयलाई अनुमोदन गर्ने तथा ठेक्का बन्दोबस्त नभएका बाँकी २ नाकाहरूको पुनः ठेक्का आव्हान गर्ने निर्णय गरियो ।

२. जिल्ला प्रशासन कार्यालय तथा यस कार्यालयमा वडा नं. ६ का राजु आचार्य लगायत १०४ जनाले दिएको खोला व्यवस्थापन तथा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा ढुवानी सम्बन्धमा दिएको ध्यानाकर्षण पत्र बैठकमा जानकारी भयो सो सम्बन्धमा सम्झौतामा उल्लेख भएका कुरा कडाइका साथ पालना गर्न सम्बन्धित ठेकेदारहरुलाई निर्देशन दिने निर्णय गरियो ।

३. स्वास्थ्य शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम घरभेट PNC कार्यक्रममा छुट्टयाइएको रकमबाट खर्च हुने गरि प्रति व्यक्ति भेटघाट रू. ३००/- का दरले यातायात खर्च सम्बन्धित स्वास्थ्य कर्मीलाई उपलब्ध गराउने निर्णय गरियो ।

४. वडा नं. १ बाट अनुरोध भए बमोजिम यस आ.व. को परशुराम गल्लीमा बाँकी रहेको ब्लक निर्माण योजनालाई संशोधन गरी नयाँ हाट बजार पछाडी रहेको कहार टोलमा ब्लक बिच्छाउने योजना आगामी नगरसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

५. आगामी नगरसभाबाट बजेट व्यवस्थापन हुने गरी वडा नं. ३ स्थित शिवपथमा रहेको अधुरो नाली तथा ढक्कन निर्माण गर्नको लागि रू. ५,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकालाई विपक्षी बनाइ प्रिन्स निर्माण सेवाको तर्फबाट सत्रुघन प्रसाद त्रिपाठीले जर्लैया नाकाको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा बिक्री वितरण सम्बन्धी उत्प्रेषण परमादेश तथा निषेधाज्ञा समेतको मुद्दा दिएकोमा उच्च अदालत तुल्सीपुर, बुटवल इजलासको मिति २०७८/५/३० को फैसला नगरपालिकाको पक्षमा नभएको हुँदा सो सम्बन्धमा सर्वोच्च अदालतमा रीट दायर गर्ने निर्णय गरियो ।

७. यस कपिलवस्तु नगरपालिका विरूद्ध लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं. १०, रूपन्देही बस्ने प्रिन्स निर्माण सेवाका प्रो. शत्रुघन प्रसाद त्रिपाठीले श्री उच्च अदालत तुलसीपुर बुटवल इजलासमा उत्प्रेषण परमादेश समेत (०७७-WO-०१५०) को रिट निवेदन दिनु भइ मिति २०७८/०५/३० मा अन्तिम आदेश / फैसला भएकोमा चित्त नबुझी सो उपर श्री सम्मानित अदालत काठमाडौंमा यस नगरपालिकाका नगर प्रमुख किरण सिंह, प्रमुख प्रशासकीय अधिकृत शेषकान्त पौडेल र कार्यपालिकाको तर्फबाट दो.पा. को निवेदन दर्ता गराई मुद्दा पुरपक्ष समेत गर्नको लागि जिल्ला सुनसरी इनरूवा नगरपालिका वडा नं. ८ परिवर्तित वडा नं. ५ घर भई हाल का.म.न.पा. वडा नं. ३० डिल्ली बजार बस्ने तारानाथको नाती नारायण प्रसाद भट्टराईको छोरा वर्ष ४२ को कृष्ण कुमार भट्टराईलाई वारिस नियूक्त गर्ने निर्णय गरियो ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश
२०७३

किरण सिंह
नगर प्रमुख